# बजेट वक्तव्य

# आर्थिक वर्ष २०८३।०८४

चामुण्डाविन्द्रासैनी नगरपालिका

जम्बुकाँध, दैलेख

चामुण्डाविन्द्रासैनी नगरपालिकाको सम्मानित

१९ औं नगरसभा २०८३ साल असार १० गते बुधबार नगरपालिकाका

उपप्रमुख श्री मनसरा कुमारी शर्माज्यूले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

चामुण्डाविन्द्रासैनी नगरपालिका, दैलेख

**नगरसभाका आदरणीय सभाध्यक्ष एवं नगर प्रमुखज्यू,**
**नगरसभाका सदस्यहरू, सभाका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत लगायत उपस्थित सम्पूर्ण कर्मचारीहरू, पत्रकार मित्रहरु एवं सम्पूर्ण महानुभावहरू !**

१. चामुण्डा विन्द्रासैनी नगरपालिकाको गरिमामय यस नगर अधिवेशनमा नगरपालिकाको उपप्रमुखको हैसियतले नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ बमोजिम आ.व. २०८३/८४ को आय र व्यय अनुमान (बजेट) यस सम्मानित सभामा पेश गर्ने प्रणालीलाई निरन्तरता दिंदै यो सम्मानित सभामा उभिँदा गौरवान्वित छु ।

२. यस महत्वपूर्ण अवसरमा नेपालको राजनितिक एवं शासन व्यवस्था परिवर्तन गर्न २००७ साल पूर्वको राणाशासनकालदेखि २०८२ साल भाद्र २३।२४ गतेको जेन्जी आन्दोलनसम्म आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

साथै संघीय शासनपद्धतिलाई आत्मसात गर्दै राष्ट्रियता, स्वाधीनता, सामाजिक न्याय, समानता र समृद्धि प्रासिको लागि संघर्ष गर्नुहुने महान नेपाली जनता र सो अभियानको सफल नेतृत्व गर्नुहुने नेपाली राजनीतिको शिखर व्यक्तित्वहरूप्रति हार्दिक सम्मानभाव व्यक्त गर्न चाहन्छु ।

३. यो बजेटले नगरपालिकाको सामाजिक, आर्थिक, सांस्कृतिक, प्रविधि, दिगो पूर्वाधार, नवप्रवर्तन एवं उद्यमशीलता तथा विपद् उत्थानशील विकासमा रणनीतिक महत्व राख्ने विश्वास लिएको छु ।

४. **"कर्णाली प्रदेशको आकर्षक शहरः समृद्ध, न्यायपूर्ण र सुसंस्कृत चामुण्डा विन्दासैनी नगर" भन्ने मूल नारालाई आत्मसात गर्दै** स्वास्थ्य, शिक्षा, रोजगारी, कृषि उत्पादन, खानेपानी, दिगो पूर्वाधार विकास तथा प्रभावकारी सेवा प्रवाह मार्फत सुशासन कायम गरी नगरवासीलाई परिवर्तनको प्रत्यक्ष लाभ पुऱ्याउन नगरपालिका प्रतिबद्ध रहेको जानकारी गराउन चाहन्छु ।

५. नेपालको संविधान, संघीय तथा कर्णाली प्रदेश सरकारबाट जारी ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालनको मार्गदर्शनको रूपमा रहेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४; नगरको आर्थिक विधेयक, २०८३, आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम, संघीय तथा कर्णाली प्रदेश सरकारको आ.व. २०८३/८४ का नीति तथा कार्यक्रम, नगरका विषयगत समितिका सुझावहरू, विज्ञ महानुभावका सुझावहरू, सोह्रौं आवाधिक योजना तथा कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना, दिगो विकासका लक्ष्यहरू, नगर सभाका सदस्यज्यूहरूले दिनुभएका सुझावहरू, सञ्चारकर्मी, नागरिक समाज, राजनीतिक दलहरू, विभिन्न संघ संस्था एवं सरोकारवालाको सुझाव र नगरबासी दिदीबहिनी तथा दाजुभाइहरूबाट प्राप्त महत्वपूर्ण सुझावहरूलाई समेत समेटी आ.व. २०८३/८४ को नीति कार्यान्वयन गर्ने औजारको रूपमा यो बजेट ल्याइएको छ ।

**आदरणीय सभाका सदस्यज्युहरु**

६। अव म आगामी आर्थिक वर्ष २०८३।८४ मा प्रस्ताव गरिएको बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्न अनुसार प्रस्तुत गरिएको छः

一. लोकतन्त्रका लाभहरूको समानुपातिक, समावेशी र न्यायोचित वितरण गर्दै लोककल्याणकारी भूमिकालाई प्रभावकारी बनाउँदै लैजाने,

二. सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा टेवा पुऱ्याउने, **स्थानीय नेतृत्वको विकास र सेवा प्रवाहमा सरल, सहज र समावेशी पहुँच सुनिश्चित गर्ने,**

三. स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने ।

四. पूर्वाधार तथा आर्थिक विकास गरी समृद्ध नगरपालिका निर्माण गर्ने,

五. स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउने,

六. शैक्षिक क्षेत्रको गुणस्तरलाई अभिवृद्धि गर्ने,

七. कृषिको विकासको लागि रणनीति योजनाका साथ कार्य गर्ने,

八. नगरपालिकाको शासकीय पद्धतिमा सुधार गरी आम नागरिकलाई सुशासनको अनुभूती गराउने।

७। आगामी आर्थिक वर्षको बजेटका उद्देश्यहरू हासिल गर्न देहायका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

一. नगरपालिकाका गौरवका आयोजनाहरूको निरन्तरता,

二. अधुरो आयोजनाहरूको कार्यान्वयन,

三. सडक तथा पुल (झोलुङ्गे पुल समेत) सिंचाई, भवन तथा शहरी विकास, उर्जा, विद्युतिकरण र सञ्चार क्षेत्रको विकास मार्फत पूर्वाधार विकास,

四. कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय क्षेत्रको विकास मार्फत आर्थिक विकास,

五. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण,

六. विपन्न नागरिक बीमा कार्यक्रम सञ्चालन,

七. वन संरक्षण, वातावरण व्यवस्थापन तथा विपदमा राहत उद्धार र प्रतिकार्य,

八. विकास साझेदार संस्थाहरूसँग सहकार्य,

九. सुशासन तथा संस्थागत विकास आदि ।

**सभाका अध्यक्ष महोदय,**

**सभाका सदस्यहरु,**

**अब म आ.व.०८१/०८२ को यथार्थ, आ.व.०८२/०८३ को संशोधित र आगामी आव.०८३/८४ को अनुमानित आय व्ययको विवरण प्रस्तुत गर्दछु ।**

८। नगरपालिकाको निरन्तर प्रयासबाट यस पालिकाको अर्थ व्यवस्था सकारात्मक लयतर्फ उन्मुख भएको छ । अब म गत आर्थिक वर्षका केही तथ्याङ्क सहित चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको समीक्षा पेस गर्ने अनुमति चाहन्छु।

९। आ.व. ०८१/०८२ मा नगरपालिकाको संचित कोष, धरौटी, कार्यसञ्चनल कोष र अन्तर सरकारी अख्तियारी गरी जम्मा बजेट रु. ५७ करोड ८३ लाख १२ हजार ३२७ रुपैया आम्दानी भइ सो बराबरको बजेट खर्च भएको थियो ।

१०। आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान वापत प्राप्त अनुमानित रु ९ करोड १० लाख, राजश्व बाँडफाडबाट ९ करोड १२ लाख ७५ हजार, शसर्त अनुदान चालु तर्फ १९ करोड ९२ लाख, सशर्त अनुदान पुँजिगत तर्फ २ करोड ५५ लाख, विशेष अनुदान तर्फ ६९ लाख प्राप्त भएको थियो भने समपुरक अनुदान १ करोड ४० लाख प्राप्त भएको थियो । त्यसैगरी प्रदेश सरकारबाट विनियोजित समानीकरण अनुदान १ करोड १९ लाख ५२ हजार, सशर्त अनुदान चालु तर्फ १५ लाख ६९ हजार, शसर्त अनुदान पुँजिगत २ करोड ७० लाख, विशेष अनुदान १ करोड, समपुरक अनुदान १ करोड ७७ लाख र राजश्व

वाँडफाड २९ लाख ५७ हजार प्राप्त हुने अनुमान सहित चालु आ.व.०८२/०८३ को बजेट प्रस्तुत गरिएको थियो । यसैगरी नगरपालिकाको अनुमानित आन्तरिक राजश्व ४६ लाख ५० हजार, आ.व.०८१/०८२ को बाँकी मौज्दात १ करोड ५० लाख र बेरुजु असुली ५ लाख गरी जम्मा ४९ करोड २९ लाख ७५ हजार बजेट विनियोजन गरिएको थियो ।

११। चालु आ.व.०८२/०८३ मा नेपाल सरकार, प्रदेश सरकार र आन्तरिक आम्दानी गरि जम्मा ४४ करोड ६४ लाख २३ हजार संचित कोषमा प्राप्त भएको मध्ये चालु र पुँजिगत खर्च गरि जम्मा रकम रु.२९ करोड ६४ लाख ३८ हजार १५९ रुपैया खर्च भएको छ ।

**सभाध्यक्ष महोदय,**

**अब म श्रोतगत रुपमा आगामी वर्ष २०८३/८४ को अनुमानित आयव्यय प्रस्तुत गर्दछु ।**

**आर्थिक वर्ष २०८३।०८४ का लागि नेपाल सरकारबाट प्राप्त अनुमानित बजेट निम्न अनुसार रहेको छ ।**

一. वित्तीय समानीकरण(पूजिगत) अनुदान रु ९ करोड २१ लाख,

二. राजश्व बाँडफाडबाट रु. ९ करोड ४८ लाख ६३ हजार

三. शसर्त अनुदान(चालु) २० करोड ३६ लाख

四. शसर्त अनुदान(पुँजिगत) रु. ६० लाख

五. विशेष अनुदान(पुँजिगत) रु. १ करोड ५ लाख

六. समपुरक अनुदान(पुँजिगत) रु. १ करोड ७७ लाख प्राप्त हुने अनुमान गरेको छु ।यसै गरी

**प्रदेश सरकारबाट आ.व.०८३/०८४ मा प्राप्त हुने अनुमानित बजेट निम्न अनुसार रहेको छ ।**

七. समानिकरण(पुंजिगत) अनुदान १ करोड २५ लाख ७१ हजार,

八. समपुरक २ करोड ४० लाख,

九. विशेष अनुदान रु. ६० लाख

十. सशर्त अनुदान(चालु) २३ लाख २६ हजार,

十一. शसर्त अनुदान(पुँजिगत) रु. २ करोड ८५ लाख

十二. राजश्व वाडफाड २८ लाख ७ हजार ८ सय ३४ रुपयाँ

十三. नगरपालिकाको अनुमानित आन्तरिक राजश्व ६५ लाख ४० हजार

**यसरी नेपाल सरकार, कर्णाली प्रदेश सरकार र पालिकाको आन्तरिक आय समेत गरि जम्मा रु ५० करोड ७५ लाख ७ हजार ८३४ रुपैया** अनुमानित आय हुनेछ भने, व्यय तर्फ संघीय समपुरक योजनाहरुका लागि साझेदारी रु ३५ लाख, प्रदेशका समपुरक योजनाहरुमा रु ९६ लाख, ९ वटै वडाका वडा स्तरिय योजनाहरुको लागि रु. २ करोड ८४ लाख र विभिन्न विषयगत शाखाहरुको लागि रु १ करोड ४० लाख, संघसंस्थासाझेदारीका लागि रु. २० लाख, सहयात्रा परियोजना साझेदारी रु.५० लाख, हेल्वेटास नेपाल साझेदारी ४० लाख, ब्राइड फ्यूचर कार्यक्रम साझेदारी १५ लाख, नगर अस्पताल संचालन ४० लाख, सडक मर्मत २० लाख, विपद् व्यवस्थापन कोष १० लाख, बालकोषको लागि ५ लाख, नगरपालिकाको कार्यालयमा पानी टंकी निर्माण ८ लाख, आवधिक योजना ५ लाख उप प्रमुख स्वरोजगार कार्यक्रम २० लाख र नगर सेतरीय योजना

तथा कार्यक्रमको लागि १ करोड ८७ लाख ७१ हजार, लक परियोजनासँग साझेदारी ३० लाख, चामुण्डाबिन्द्रासैनी जम्काँध मजुवा खानेपानी योजनाको मर्मत सम्भार कोषको लागि ५४ लाख तथा कार्यालय संचानल, शसर्त बजेट र विशेष अनुदान मार्फत तोकिएका योजना/कार्यक्रमको लागि बाँकी रकम विनियोजन गरी **नेपाल सरकार, कर्णाली प्रदेश सरकार र पालिकाको आन्तरिक आय समेत गरि जम्मा रु ५० करोड ७५ लाख ७ हजार ८३४ रुपैया** अनुमानित व्ययको अनुमान प्रस्तुत गरेको छु ।जस अनुसार १९ करोड ७३ लाख ७१ हजार पुँजिगत तर्फ र ३१ करोड १ लाख ३६ हजार ८३४ चालु तर्फ बिनियोजन गरिएको छ ।

一. वडागत बजेट विनियोजनको लागि सुत्रका आधारमा बजेट विनियोजन गर्ने परिपाटीको निरन्तरता दिदै रु २ करोड ८४ लाख विनियोजन गरेको छु ।

二. विषयगत शाखाहरुलाई उत्पादनमुलक, रोजगार मुखी र सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्ने जम्मा रु १ करोड ४० लाख विनियोजन गरेको छु ।

三. संघीय तथा प्रदेश सरकार र नगरपालिकाको सहलगानीमा संचालन हुने गौरबका योजनाहरु निम्नअनुसार प्राथमिकीकरण गरेको छु

一. बडाला वुडेली पाल्त सडक स्तरोन्नति तथा कालोपत्रे
二. ढलेको पिपल चाल्ने सिमसेर सडक स्तरोन्नति तथा कालोपत्रे
三. डौसुर बिन्द्रासैनी विशाल बजार सडक स्तरोन्नति तथा कालोपत्रे
四. मजुवा खानेपानी आयोजना
五. धर्मदेव मा वि आयरपाटा भवन निर्माण
六. कर्णाली लिफ्टिङ्ग खानेपानी आयोजना
七. नगर उज्यालो कार्यक्रम
八. उपप्रमुख युवा स्वरोजगार कार्यक्रम

अन्तमा,

प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुर्‍याउनु हुने नगर प्रमुखज्यू, कार्यपालिका सदस्यज्यू, नगरसभा सदस्यज्यू, विज्ञ महानुभाव, राजनीतिक दलका प्रतिनिधि एवं राजनीतिज्ञ, सञ्चारजगत, नागरिक समाज, निजी क्षेत्र एवं विकास सहयोगी लगायत सम्पूर्ण नगरबासी दाजुभाइ तथा दिदीबहिनी तथा अहोरात्र खटिने नगरपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै आय र क्षेत्रगत व्यय समेटिएको रातो पुस्तिका शीघ्र सार्वजनिक गरिने व्यहोरा यस सम्मानित नगरसभा समक्ष जानकारी गराउँछु ।

धन्यवाद ।

उपप्रमुख

श्री मनसरा कुमारी शर्मा

मिति २०८३ असार १० गते आइतबार ।